नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
ज्वागल, ललितपुर

प.सं.: २०७४/०७५
च.नं.: 64

मिति: २०७४/८/०८

श्री भूकम्पीय आवास पुनर्निर्माण आयोजना,
जिल्ला आयोजना कार्यान्वयन इकाई,
(भूकम्प प्रभावित ३१ जिल्लाका सबै)।

**विषय : डकर्मी तालिम सम्बन्धि सूचना प्रचार/प्रसार गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा भूकम्प प्रभावित ३१ जिल्लाका स्थानीय तहहरुमा भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणको लागि तालिमप्राप्त डकर्मीको अभाव रहेको सन्दर्भमा निजी आवास पुनर्निर्माण कार्यक्रमलाई तीब्रता दिन स्थानीय तहमै तालिमप्राप्त, भूकम्प प्रतिरोधी घर बनाउन सक्ने डकर्मी उत्पादनका लागि ३१ सै जिल्लामा अभियानका रुपमा ७ दिने डकर्मी तालिम सञ्चालन गर्ने कार्यक्रम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निर्णय भएको छ। सो तालिममा सहभागी हुन इच्छुक योग्य कुनैपनि नेपाली नागरिकले आवेदन दिन सक्ने गरी ३१ सै जिल्लाका गाउँपालिका तथा नगरपालिकाहरुमा आवेदन संकलन गर्न पत्राचार भईसकेको हुँदा तपसिल बमोजिमको विवरण उल्लेख गरी व्यापक रुपमा स्थानीय रेडियो, एफ.एम., टेलिभिजन, प्रर्चा, पम्प्लेट आदिको माध्यमद्वारा प्रचार/प्रचार गर्नु हुन जानकारी गराईन्छ।

**तपसिल :**

१. तालिम लिन इच्छुक व्यक्तिले डकर्मी काम गरिरहेको हुनुपर्ने।
२. हालसम्म कुनैपनि संघ सस्थाबाट भूकम्प प्रतिरोधी डकर्मी तालिम नलिएको हुनुपर्ने।
३. तालिमको अवधि ७ दिनको हुनेछ।
४. प्रशिक्षार्थीहरुलाई तालिम भत्ता वापत प्रतिदिन रु.७००।-(कर समेत) का दरले उपलब्ध गराइने छ।
५. प्रशिक्षार्थीहरुलाई चिया, नास्ता उपलब्ध गराईनेछ। खाने तथा बस्ने व्यवस्था आफै मिलाउनु पर्नेछ।
६. तालिम कार्यक्रम प्रशिक्षार्थी संख्या अनुसार गाउँपालिका/न.पा. वा वडाहरुमा सञ्चालन गरिनेछ।
७. प्रशिक्षार्थीले आवेदन दिने अवधि : २०७४।८।१० देखि २०७४।८।१८ सम्म।

...................
(ईश्वर चन्द्र मरहट्टा)
आयोजना निर्देशक

**बोधार्थ:**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
सिंहदरबार, काठमाण्डौं।
श्री जिल्ला समन्वय समितिको कार्यालय, (३१ जिल्ला सबै)।
श्री नगर कार्यपालिकाको कार्यालय/गाउँ कार्यपालिकाको कार्यालय,
(भूकम्प प्रभावित ३१ जिल्लाका सबै)।

☎ ०१-५२६००८२ Web site: www.mofald-clpiu.gov.np, Email: ehrp.clpiu@gmail.com